# नागरिक लगानी कोष

## निर्वाचन अधिकृतको कार्यालय

### निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

(ऐनको दफा २५ (१) को खण्ड (च) मध्येवाट संचालक पद १ मा निर्वाचन प्रयोजनका लागि)

नागरिक लगानी कोष ऐन, २०४७ को दफा २५ को उपदफा (१) को खण्ड (च) वमोजिम सर्वसाधारण शेयरधनीहरु मध्येबाट कोषको संचालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद संख्या १(एक) मा निर्वाचन प्रयोजनको लागि नागरिक लगानी कोष संचालक निर्वाचन सम्बन्धी आन्तरिक कार्यविधि, २०८२ को दफा ५ बमोजिम देहायको निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | निर्वाचन कार्यक्रम | मिति | समय | | स्थान |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने | २०८२/९/२४ | विहान ११ बजे | | कोषको केन्द्रिय .कार्यालय,नयाँबानेश्वर |
| २ | मतदाता नामावलीमा दावी विरोध गर्ने | २०८२/९/२४ | विहान ११ बजे | दिउँसो २ बजे | ऐ. ऐ. |
| ३ | मतदाता नामावलीको दाबी विरोध उपर जाँचबुझ | २०८२/९/२४ | दिउँसो २ बजे | दिउँसो ४ बजे | ऐ. ऐ. |
| ४ | मतदाताको अन्तिम नामावली प्रकाशन गर्ने | २०८२/९/२४ | दिउँसो ४:३० बजे | | ऐ. ऐ. |
| ५ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०८२/९/२५ | विहान ११ बजे | दिउँसो २ बजे | ऐ. ऐ. |
| ६ | उम्मेदवारको प्रथम नामावली प्रकाशन गर्ने | २०८२/९/२५ | दिउँसो २:३० बजे | | ऐ. ऐ. |
| ७ | उम्मेदवारको नाम उपर दाबी विरोधमा उजुरी दिने | २०८२/९/२५ | दिउँसो २:३० बजे | दिउँसो ४ बजे | ऐ. ऐ. |
| ८ | मनोनयन पत्रको जांच र उजुरी उपर निर्णय गर्ने | २०८२/९/२६ | विहान ११ बजे सम्म | | ऐ. ऐ. |
| ९ | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | २०८२/९/२६ | विहान १२ बजे | दिउँसो २ बजे | ऐ. ऐ. |
| १० | उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने | २०८२/९/२६ | दिउँसो ३ बजे | | ऐ. ऐ. |
| ११ | मतदान गर्ने | २०८२/९/३० | साधारण सभाको कार्यसुचि बमोजिम | | ऐ. ऐ. |
| १२ | मतगणना गर्ने | मतदान सम्पन्न पश्चात | | | |
| १३ | निर्वाचन परिणाम प्रकाशन तथा घोषणा गर्ने | मतगणना सम्पन्न पश्चात | | | |

द्रष्टव्य :

१. निर्वाचन प्रयोजनका लागि प्रोक्सी मुकर्रर गरेमा निर्वाचनको ९६घण्टा अगाडी अर्थात मिति २०८२/०९/२६ गते विहानको ११:०० बजे भित्रमा कोषको केन्द्रिय कार्यालय, नयाँबानेश्वर, काठमाण्डौ स्थित निर्वाचन अधिकृतको कार्यालयमा निवेदन दर्ता गराइसक्नु पर्नेछ ।

२. निर्वाचनमा प्रोक्सी मुकरर गरेमा पनि शेयरधनी आफै उपस्थित भई मतदान गर्न आउने भएमा निर्वाचनको २४ घण्टा अगाडी अर्थात मिति २०८२/०९/२९ गते विहानको ११:०० बजे भित्रमा कोषको केन्द्रिय कार्यालय, नयाँबानेश्वर, काठमाण्डौ स्थित निर्वाचन अधिकृतको कार्यालयमा निवेदन दर्ता गराइसक्नु पर्नेछ ।

३. एउटै शेयरहरु एक जना भन्दा बढी प्रतिनिधि कायम गरी प्रोक्सी प्रदान गर्न पाइने छैन, गरिएमा सो सबै प्रोक्सी रद्द हुनेछ ।

४. मतदाता नामावलीमा नाम भएको व्यक्तिलाई मात्र प्रोक्सी तोक्न सकिनेछ ।

५. विशेष परिस्थितिमा निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रममा हेरफेर गर्न सक्नेछ ।

६. संचालक हुनका लागी उम्मेदवारी शुल्क रु.५,०००।- कायम गरिएको छ । संचालकको उम्मेदवार हुन चाहने व्यक्तिले एकजना प्रस्ताव र समर्थकको हस्ताक्षर सहित तोकिएको दरखास्त कोषको केन्द्रिय कार्यालय, नयाँबानेश्वर, काठमाण्डौ स्थित निर्वाचन अधिकृतको कार्यालयमा पेश गर्नुपर्नेछ ।

७. निर्वाचन तथा मतदान सम्बन्धी कुनै विषयमा कुनै विवाद आएमा निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

८. जुन समुहको सञ्चालकको निर्वाचन हो सोही समुह तर्फका शेयरधनी मतदाताहरुले मात्र मतदानमा सहभागिता जनाउँन पाइने छ ।

९. निर्वाचन सम्बन्धी विवरण तथा सुचनाहरु कोषको वेवसाइट **www.nlk.org.np** मा समेत प्रकाशित गरिएको छ

१०.निर्वाचन सम्बन्धी अन्य प्रकृया नागरिक लगानी कोष, संचालक निर्वाचन सम्बन्धी आन्तरिक कार्यविधि, २०८२ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

.........................................

कोषको छाप:

रेशम राज रेग्मी (वरिष्ठ अधिवक्ता)

निर्वाचन अधिकृत

मिति : २०८२/९/२१